# मालिका गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

दरबाङ, म्याग्दी

२०७३

गण्डकी प्रदेश, नेपाल

## चार पाङ्ग्रे सवारी साधन मासिक रुपमा भाडामा लिने सम्बन्धमा आसय पत्र दिन आह्वान गरिएको सार्बजनिक सूचना

(सूचना प्रकाशित मिति २०७८/०१/३० गते)

हाल नेपाल भरी माहामारिको रुपमा फैलिएको नयाँ भेरियन्ट सहितको कोरोना भाईरस(Covid-19)को सन्दर्भमा जनचेतना गराउन सूचना प्रबाह गर्न, गाउँ गाउँमा स्वास्थ्य सामाग्री पुऱ्याउन, बर्तमान रोगसँग सम्बन्धित विरामीहरु सवार गराउन साथै यस मालिका गाउँपालिकाको आ.व. २०७७/०७८ को स्वीकृत बार्षिक कार्यक्रम सम्पादन गर्न, कार्यपालिकाको कार्यालयबाट अनुगमन तथा निरिक्षण एवम् योजना तथा कार्यक्रम सम्पादनको लागि कार्यालयबाट प्रदान गरिने प्रशासनिक, आर्थिक र प्राविधिक सर सल्लाह सुझाब प्रदान गरी योजना तथा कार्यक्रमहरुको लक्षित उपलब्धि प्राप्त गर्न समन्वय र सहजिकरण गर्न साथै संघीय तथा प्रदेश सरकार र विभिन्न निकायबाट गाउँपालिकालाई हस्तान्तरण गरिएका कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालनार्थ समन्वय र सहजिकरण गर्न यस गाउँपालिकाका मोटरबाटो पुगेका सबै बस्तिस्तरमा गाउँपालिका कार्यालयबाट पुग्न सक्ने/जान आउन सक्ने सारभुत रुपमा प्रभावी र उपयुक्त चारपाङ्ग्रे सवारी साधन न्युनतम दरमा भाडामा लिनु पर्ने भएकोले यस आर्थिक बर्षको आषाढ मसान्तसम्म भाडामा दिन ईच्छुक प्रभाबकारी र उपयुक्त सवारि साधनका धनी (व्यक्ति वा फर्म)हरुले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र गाउँ कार्यापालिकाको कार्यालयमा तपसिल बमोजिमका कागजपत्र संलग्न गरी तथा आवश्यक प्रक्रिया पुरा गरी निवेदन दिनुहुन यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ।

**निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु र पुऱ्याउनु पर्ने प्रक्रियाहरुः-**

१). चार पाङ्ग्रे सवारी साधन भाडामा दिन ईच्छुक भएको रितपुर्वकको निवेदन।

२). निवेदकको आफ्नो नाम(व्यक्ति वा संस्थाको)मा दर्ता भएको वा आफुले हकभोग गर्न पाउने गरी निस्सा वा प्रमाण प्राप्त गरेको कागजको छायाँप्रति संलग्न गर्नुपर्नेछ।

३). भाडामा दिन चाहेको सवारी साधन यस मालिका गाउँपालिकाको सबै ग्रामीण बस्तिहरुमा गाउँपालिका कार्यालयबाट सजिलै जान र आउन सक्ने हुनु पर्नेछ।

४). भाडामा दिन चाहेको सवारी साधनमा सवारी चालक समेत गरी कम्तिमा ५ जना यात्रु बोक्ने गरी ईजाजत प्राप्त गरेको हुनु पर्दछ। आफ्नो सवारी साधन उपलब्ध गराउन नसक्ने अवस्थामा बैकल्पिक सवारी साधनको व्यवस्था गरिदिनु पर्नेछ।

५). भाडामा दिन चाहेको सवारी साधन व्यक्तिको नाममा भए निजको नागरिकताको प्रमाणपत्रको छायाँप्रति वा संस्थाको नाममा भएको भए संस्था दर्ता भएको र आ.व. २०७७/०७८ सम्म नविकरण भएको साथै संस्थाको आ.व. २०७६/०७७ सम्मको कर चुक्ता एवम् लेखापरिक्षण गरेको प्रतिवेदन संलग्न गर्नु पर्नेछ।

६). निवेदकले आफुले मासिक रुपमा भाडामा दिन चाहेको रकम (सवारीको लागि चाहिने ईन्धन, मर्मत सम्भार र सवारी चालकलाई दिनु पर्ने पारिश्रमिक र भत्ता एवम् नेपाल सरकारले कर समेत निवेदकले नै व्यहोर्ने गरी) अंङ्क र अक्षरमा स्पष्ट रुपमा लेखि पेश गरेको हुनुपर्नेछ।

७). निवेदनसाथ पेश गरेका सबै छायाँ प्रतिहरुमा निवेदक स्वयमले नै सक्कल बमोजिम नक्कल दुरुस्त छ भनी प्रमाणीत गरेको हुनु पर्दछ

८). गाडीको भौतिक अवस्था, सवारी धनीको तथा सवारी चालकको बानी व्यहोराका आधारमा भाडामा लिने नलिने निर्णय कार्यालयले गर्नेछ।

२०७८/०१/३०

विष्णु प्रसाद पौडेल